# गोसाइकुण्ड गाउँपालिकाको तेस्रो गाउँसभा

## आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम

प्रस्तुती
कैसाङ नुर्पु तामाङ
अध्यक्ष
गोसाइकुण्ड गाउँपालिका स्याफ्रु, रसुवा २०७५ असार १० गते
आईतवार

**सम्मानित सभाका सभासद महोदय,**

यस गोसाइकुण्ड गाउँपालिकाको अध्यक्षको हैसियतले यस सम्मानित सभा समक्ष अगामी आ.व.०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम र वजेट प्रस्तुत गर्न पाउदाँ अत्यन्तै गौरवान्वित भएको छु । यस अवसरमा राजनैतिक परिवर्तनको लागि जिवन उर्त्सग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु । त्यसैगरि राष्ट्रियता, स्वाधिनता, लोकतन्त्र, सामाजिकन्याय, समनता र समृद्धिको लागि संर्घष गर्ने महान नेपाली जनता त्यसको सवल सक्षम नेतृत्वगर्नु हुने नेपाली राजनीतिका शिखर व्यत्तित्व, प्रतिहार्दिक सम्मान प्रकट गर्न चाहन्छु । यस अवसरमा संघीयताको आधारको रुपमा रहेको स्थानीय तहलाई मजवुत वनाउन भूमिका निर्वाह गर्ने संघीय सरकार र प्रदेश सरकार प्रति कृतज्ञता प्रकट गर्दछु । स्थानीय तहको गठन गर्न अमुल्य मतदान गर्नु हुने गोसाइकुण्ड गाउँपालिकाका आदरणीय जनसमुदायप्रति सम्मान प्रकट गर्दछु ।

नेपालको संविधान २०७२ जारी भए संगै मुलुक संघीय शासन व्यवस्थामा रुपान्तरित भएको छ । संविधानले राज्यको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरी तीनै तहको अधिकार संविधानको अनुसूचीहरुमा उल्लेख गरेकोछ । संविधानको अनुसुची ८ मा स्थानीय तहको २२ वटा एकल अधिकार र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको १५ वटा साझा अधिकार तोकिएको छन् । संघीय सरकार, प्रदेश सरकार र स्थानीयतहले आ-आफ्नो वार्षिक वजेट पेश गर्ने समय संविधान र कानूनहरुमा स्पष्ट व्यवस्था गरिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीयतहले अगामीआ.व.को लागि प्रत्येक वर्षको असार १० गते भित्र सम्वन्धित सभामा वजेट पेश गरि असार मसान्त भित्र पारित गरि सक्नु पर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ले वार्षिक वजेट निर्माण गर्ने कार्यविधि र प्रकृया निर्धारण गरेको छ ।

हामी यति खेर संघीय शासन व्यवस्थाको अभ्यासको प्रारम्भिक चरणमा रहेका छौं । यो पद्धति हाम्रो लागि नयां प्रयोग भएका कारण यसका सैद्धान्तिक र व्यवहारिक पक्षको सिकाईमा अभ्यस्त हुनमा नै केही समय वित्यो । स्थानीय तहमा निर्वाचन सम्पन्न भई जनप्रतिनिधिको वाहली भएको १४ महिना पुरा भै सकेको छ । संविधानको परिकल्पना वमोजिमका कानुनहरु,स्थानीय तहको जिम्वेवारीलाई कार्यान्वयनमा लैजान सहयोग गर्ने जनशक्तिको पुर्णताअझै हुन सकेको छैन । निर्वाचन सम्पन्नभई जनप्रतिनिधिको पद वाहलीको केही समय भित्रै गत आ.व.मा वजेट तर्जुमा गर्नु पर्ने अवस्था आएको कारण त्यति वेला प्रयाप्त गृह कार्यका लागि समयाभाव रहयो । जसको कारण गाउँपालिकाले दीर्घकालिन र गाऊंपालिकाका गौरवका योजना सहितको कार्यक्रम प्रस्तुतगर्न सकिएको थिएन । वर्तमान स्थानीयतहका जनप्रतिनिधिहरुको कार्यकाल लगभग अझै ४ वर्ष वाँकी रहेको छ ।

अगामी आ.व.को नीति तथा कार्यक्रम तर्जुमाको आधारको रुपमा वर्तमान संविधानले स्थानीय तहलाई दिएको अधिकारसुची, चौधौ आवाधिक योजना, संघीय सरकार र प्रदेश सरकारको आ.व.२०७५/०७६ को नीति तथा कार्यक्रम,दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारका क्षेत्रगत नीतिहरु, निर्वाचन घोषणा पत्र, स्थानीय जनताको मागआदीलाई लिईएको छ । वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा स्थानीय

तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिर्ग्दशन २०७४ ले निदृष्ट गरेको सातै वटा चरणका क्रियाकलापहरु कार्यतालिका वनाई रेडियो/अन्य माध्यमवाट प्रचार प्रसार गरि सवैको सहभागीतामा सम्पन्न गरिएको थियो । वस्ति तहमा गरिएको छलफल, वडा समितिवाट योजनाको प्राथमिकीकरण, विषयगत समितिहरुमा विषयगत निकायका पदाधिकारी र प्रतिनिधिहरु संगको छलफल, गैससहरु संगको छलफल, विभिन्न विज्ञ, राजनैतिकदलका नेतागणवाट प्राप्त सुझाव, निर्वाचनको समयमा जनताका माझ गरिएका प्रतिवद्धतालाई आधार वनाई गाउँपालिकाका सम्भावना, अवसर, चुनौती र समस्यालाई संवोधन गर्दै अगामी आ.व.२०७५/ ०७६ को वार्षिक नीति तथा कार्यक्रम र वजेट तर्जुमा गरिएको छ ।

सभाका सदस्य महोदय,

अव म उक्त नीति तथा कार्यक्रम र वजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## नीति तथा कार्यक्रम :

**दीर्घकालीननीतिहरु**

१) गाउँपालिकाको दीर्घकालिन लक्ष्य सहितको व्यवस्थित विकासका क्रियाकलाप वढाउन दीर्घकालिन आवधिक योजना सहितको समग्र गाउँ विकास योजना (Micro Rural Development Plan) अगामी आ.व.को प्रथम चौमासिक अवधि भित्र तयार गरिनेछ । आवधिक योजनाको वार्षिक लक्ष्य पुरा गर्ने गरी आगामी वर्षहरुको वार्षिक वजेट तर्जुमा गरिनेछ ।

२) देहायका महत्वपुर्ण योजनाहरुलाई गाउँपालिकाको गौरवको योजना घोषणा गरी पव्लिक प्राईभेट पार्टनरसीप (P3) एवं वहुवर्षे योजनाको अवधारणा वमोजिम कार्यान्वयन गरिनेछ । यस्ता योजनाहरुमा नेपाल सरकार र प्रदेश सरकारवाट समेत सहयोग प्राप्त गरिनेछ ।

क) धुन्चे गोसाईकुण्ड केवलकार निर्माण योजना

ख) त्रिशुली खोला हाईड्रोपावर निर्माण,दुधकुण्ड खोला, फ्याउलुङ खोला,गुप्चे खोला जलविद्युत योजना

ग) शेर्पागाउँ देखि थाङस्याप (लाङटाङ) सम्म मोटरवाटो निर्माण

३. योजना तर्जुमाको चरणमा वस्ती तहमा संकलन गरिएका योजनाहरु आयोजना वैक वनाई क्रमस कार्यान्वयन गरिनेछ । यस्ता योजना कार्यान्वयन गर्न विभिन्न दातृ निकायहरुलाई समेत अनुरोध गरिनेछ ।

४ देहायका महत्वपुर्ण ठुला योजनाहरुलाई वहुवर्षीय योजना घोषणा गरी कार्यान्वयन गरिनेछ ।

क) घुन्चे खोदोल सडक निर्माण
ख) गाऊँपालिकाको प्रशासकीय भवन निर्माण
ग) तामाङ कल्चरल– रेडपाण्डा पार्क निर्माण
घ) पोलाङपाटीमा रेडपाण्डा अवलोकन खुल्ला जु निर्माण
ङ) थुमन वृहद खानेपानी योजना
च) पेल्को लिङ लिङ खानेपानी योजना
छ) साझा भवन निर्माण टिमुरे

४) यस गाउँपालकाले क्षेत्रगत कार्यक्रम कार्यान्वयन गर्दा देहायको नीति लिनेछ ।

**(क) आर्थिक विकास तर्फ**

➢ **कृषि विकास**

- यस गाउँपालिका खाद्य असुरक्षित गाउँपालिका हो । अगामी आ.व.मा गोसाइकुण्ड कृषि प्रोफाईल तयार गरि प्रोफाईलको आधारमा खाद्यमा आत्मनिर्भर वनाउन कृषि विकासका विभिन्न कार्यक्रम संचालन गरिने छ ।
- यस गाउँपालिकामा रहेको खेती योग्य जमीनहरुको उचित प्रयोग गरि व्यवसायीक कृषि उत्पादन गर्ने उद्धेश्य सहित देहायका क्षेत्रहरुमा संभावित कृषी पकेट क्षेत्र घोषणा गरी तत् तत् खेति प्रर्वद्धनका कार्याक्रमहरु संचालन गरिनेछ ।

  क) वेमौसमी तरकारी खेती वडा नं. ६ को धुन्चे
  ख) तरकारी खेती वडा नं ५ को ठूलो भार्खु
  ग) स्याउ खेती वडा नं १ थुमनको माथिल्लो भाग वडा नं ३ खाम्जीङ,वडा नं २ को खैदी
  घ) कागती र सुन्तला खेती  वडा नं ३ को लिङलिङ/पेल्को
  ङ) लेकाली आलु वडा नं. ४ लाङटाङ,वडा नं २ को खैदी

- कम्तीमा १० जना महिला, युवा, दलीत समुदायको समुह तथा सहकारी संस्थाका सदस्यहरुले सामुहिक खेति गर्न चाहेमा त्यस्ता समूहलाई कार्य विधि वनाई प्रविधि हस्तान्तरण विउं पुजी स्वरुप निश्चित अनुदान उपलव्ध गराईनेछ । यसवाट युवाहरु विदेशिने क्रम कम गर्न सहयोग पुग्ने आशा लिएको छु ।
- यस गाउँपालिका क्षेत्र भित्र व्यवसायिक रेन्वो ट्राउट माछा पालनलाई प्रर्वद्धन गरिने ।
- युवाहरुलाई व्यवसायिक जडीवुटी वोझो र टिमूरको उत्पादन एवं प्रशोधन गर्न प्रोत्साहित गरिनेछ । यसका लागि गाउँपालिकावाट विषेश सहयोगका कार्यक्रम ल्याईने छ ।

- समूह सहकारी एंव कृषकले उत्पादन गरेका कृषि उपजको सहकारी मार्फत वजारीकरण गर्न सहयोग गरिनेछ ।

## ➢ पशु विकास तर्फ

- यस गाउँपालिकाको उच्च भू-भागमा व्यवसायीक चौरी पालन र अन्य क्षेत्रमा गाई, भैसीं पालनमा सहयोग गरिनेछ । यसवाट स्वच्छ दूध उत्पादन वृद्धि भई कम्तीमा गाउँपालिका दूधमा आत्मनिभर वनाउन सहयोग गरिने छ । यसरी उत्पादित दूधलाई दूग्ध सहकारी मार्फत संकलन र विक्री वित्तरणमा सहयोग गरिनेछ ।
- पशु कृषकएवं अन्य कृषकहरुको लगानी सुरक्षाको लागिपशु/ कृषी विमालाई प्रोत्साहित गरिनेछ । यसका लागि एक कृषक विमा कोष खडा गरि उक्तकोषवाट कार्य विधि वनाई आफ्नो पशु/ खेतिको वीमागर्ने किसानले तिरेको विमा प्रमियमको २५ प्रतिशत रकम गाउँपालिकाले सम्वन्धित किसानलाई भुक्तानी दिनेछ ।
- पशु स्वास्थ्यको लागि आवश्यक औषाधीहरु निःशुल्क उपलव्ध हुने व्यवस्था मिलाउने छ ।
- समूहमा व्यवसायीक पशु पालन गर्न चाहने समूहलाई कार्यविधिको आधारमा सहयोग गरिने छ ।

## (ख) पर्यटन प्रर्वद्धन तर्फ

यस गाउँपालिकाको मुख्य आर्थिक आधार नै पर्यटन हो । गाउँपालिकाको अधिकाशं भाग लाङटाङ राष्ट्रिय निकुन्जमा पर्ने भएकोले पर्या पर्यटन, एग्रो पर्यटन, पदयात्रा जस्ता पर्यटकीय गतिविधि संचालनलाई थप व्यवस्थित वनाईने छ । पर्यटन प्रर्वद्धनका लागि २०७५ लाई गोसाईकुण्ड लाङटाङ पर्यटन वर्ष घोषणा गरी देहायका कार्यकम संचालन गरिनेछ । यस कार्यकमवाट आ.व २०७५/०७६ मा यस गाउँपालिका क्षेत्रमा तीस हजार पर्यटक भित्रयाउने लक्ष्य लिएको छु ।

- पर्यटकहरुको सुरक्षाको लागि पदयात्राको मुख्य मुख्य रुटहरु जानकारी मुलक सन्देशहरु भएको व्रेसियर उपलव्ध गराउने,विभिन्न स्थानमा साईन वोर्ड साईवोर्ड जडान एवं पर्यटकको सुरक्षाको लागि GPS मा आधारित Contact Divice उपलव्ध गराइने छ ।
- पर्यटन प्रर्वद्धनका लागि टुरिष्ट गाईड,होमस्टे तालिम संचालन
- पर्यटकहरु संग अर्न्तकिया कार्यकम संचालन
- राजधानीमा नेपाल सरकार र प्रदेश सरकारका सम्वन्धीत विशिष्ठ पदाधिकारी,पर्यटन व्यवसायी,संचारकर्मी लगायतको सहभागिता गराई गोसाईकुण्ड लाङटाङ पर्यटन वर्षका कार्यकम वारे जानाकारीमुलक अर्न्तकिया कार्यकम संचालन
- यस गाउँपालकाको पर्यटकीय क्षेत्रहरुको जानकारी मुलक वृत चित्र निर्माण गरी प्रचार प्रसार

- सवै भन्दा वढी पर्यटकलाई सेवा दिने,उच्च गुणस्तरको आथिथ्यता प्रदान गर्ने होटल,होम स्टे,टुरिष्ट गाईड मध्ये उत्कृष्ठ छनौट गरि पुरस्कार एवं सम्मान प्रदान गरिने ।
- देहायका पदमार्गहरु निर्माण तथा स्तरीकरण गरिनेछ ।
- थुमन नागथली तरुचे, कल्टुप्पा सम्मको तामाङ हेरिटेज पर्यटन मार्ग
- घट्टेखोला खैदी पर्यटन मार्ग
- वृद्धिम,गोदिगाङ,पाङसाङ घोडातवेला
- लाङसिसा पोर्टर सेन्टर निर्माण
- लौरीविनयक देखि ठूलोस्याफ्रु र पोलाङ पाटी देखि ठूलोस्याफ्रुमा प्याराग्ल्याईडिङ धुन्चे ग्याचेत पाङलेखर्क पोम्वोला वक्सर गाङ ग्राम्सा सरस्वतीकुण्ड हुदै गोसाईकुण्ड नयाँ पर्यटन मार्ग निर्माण
- यस गाउँपालिको वडा नं ५ को ठुलो स्याफ्रुको चोलाङ पाटी पर्यटकहरुलाई सहजै अध्ययन अवलोकन गर्न खुला चिडियाखानाको विकास गरिनेछ ।
- यस गाउंपालिकाको वडा नं ५ स्थीत वुल्दी गाउँ–ठुलो स्याफ्रु, नादङचे–ठुलो स्याफ्रु,लौरी विना–ठुलो स्याफ्रु सम्म प्यारा ग्याईडिङ संचालनको संभाव्यता अध्ययन गरी सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार संचालन गरिनेछ ।

(ग) **उद्योग वाणिज्य**

- यस गाउँपालिका भित्र संचालनमा रहेका सवै प्रकारका उद्योग व्यवसाय आगामी आ.व. भित्र दर्ता गरिने छ । दर्ता भएका उद्योग व्यवसायको व्यवस्थित अभिलेख राखिने छ ।
- यस पालिका क्षेत्रमा रहेका उद्योग व्यवसायको प्रर्वधनको लागि रसुवा उद्योग वाणिज्य संघ धुन्चे संगको सहकार्य विशेष कार्यक्रम संचालन गरिने छ ।
- सम्वन्धित निकाय संगको सहकार्यमा वजार अनुगमन लगायत व्यवसायको नियमन गरिनेछ ।
    - घरेलु उद्योग दर्तालाई व्यवस्थित गरिने छ ।
- युवा लक्षित उद्यमशीलता तालिम प्रदान गरि उनीहरुलाई उद्यमी वनाउन प्रविधि हस्तान्तरण एंव समूहगत विउपूजी उपलव्ध गराइने छ ।यस्ता उद्यमीले गरेका उत्पादनको वजारीकरणको लागि सहयोग गरिने छ ।

(घ) **सहकारी तर्फ :**

- सविधान र चौथो आद्याविक योजनाले सहकारीलाई आर्थिक विकासको तीन खम्वा मध्ये एक खम्वाको रुपमा लिएको छ । यस गाउंपालिका क्षेत्रमा सहकारी मार्फत लद्यु वित्त,आय आर्जन, रोजागरी वढाउने कार्य एवं जनचेतना जस्ता कार्य अघि वढाईने छ ।
- सम्वन्धित विषयगत संघको साझेदारीमा सहकारी सचेतना कार्यक्रम, सहकारी व्यवस्थापन तालिम, सहकारी लेखा तालिम, लगायतका सहकारी प्रर्वधनात्मक तालिम संचालन गरिनेछ ।

(ङ) **वित्तिय क्षेत्र** :

- यस गाउंपालिकाको सवै वडा केन्द्रहरुमा वैकिङ सेवा विस्तार गर्न सम्वन्धित वैकहरुलाई समन्वय गरि प्रोत्साहित गरिने छ ।

(२) **सामाजिक विकास तर्फ :**

(क) **शिक्षा तर्फ :**

- शिक्षा नै विकास र समृद्धिको आधार भन्ने नारा सहित यस गाउंपालिका भित्र रहेका सवै विद्यालयहरुको भौतिक पूर्वाधारको विकास,शौक्षिक सामाग्री,प्रविधि (कम्प्यूटर) क्रमश व्यवस्था गरिने छ । अगामी आ.वमा यस गाउँपालका भित्रका उच्च मा.वि,मा.वि र नि.मा.वि तहका सवै विद्यालयहरुमा शिक्षकहरुको डिजिटल हाजिरीको व्यवस्था मिलाईनेछ ।
- विद्यार्थी भर्ना शत प्रतिशत र विद्यालय छाड्ने दर अत्यन्त न्यून वनाउन विद्यार्थी भर्ना सचेतना कार्यक्रम,दिवा खाजा,छात्राहरुको लागि छुट्टै शौचालय,खानेपानी सेनेटेरी प्याड वित्तरण जस्ता कार्यक्रम संचालन  गरिने छ । यसका लागि निशर्त अनुदावाट रकम विनियोजन गरिने छ ।
- यस गाउंपालिका भित्र आगामी आ.व.मा कम्तीमा दुई विद्यालयमा प्राथमिक तहसम्म अंग्रजी माध्यमवाट कक्षा संचालनको व्यवस्था मिलाउने छ । यस गाउँपालिका क्षेत्रका विद्यालयहरुमा कमै संग डिजिटल कक्षा संचालन गर्न आवश्यक प्रवन्ध मिलाईने छ ।
- आगामी आ.व. मा सवै विद्यालयमा सुरक्षित खानेपानी र विद्युत पु-याउने छ ।
- यस गाउँपालिका भित्र रहेको विद्यालयहरुका शिक्षकहरुको माग उहाँहरुको सिफारिस बमोजीम छुट्टै शिक्षक पोशाक निर्धारण गरी आगामी आ.व.देखि लागु गरिने छ ।
- असहाय,गरिव विद्यार्थीहरुलाई निश्चित आधारमा निशूल्क पोशाक उपलव्ध गराईने छ ।
- यस गांऊपालिका क्षेत्र भित्रका उच्च मा.विका प्रार्चायलाई मासिक रु १०००।,मा.वि का प्र.अ. हरुलाई मासिक रु रु ५००। र नि.मा.वि र प्रा.वि तहको प्र.अ हरुलाई मासिक रु३००। का दरले भत्ता उपलव्ध गराईनेछ । अन्य शिक्षकहरुलाई मूल्याङ्कनको आधारमा प्रत्सोहन भत्ताको व्यवस्था गरिने छ । यस कार्यकमवाट विद्यालयको प्रशासनिक कार्यमा सुधार आई शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग पुग्ने विश्वास लिएको छु ।

(ख) **स्वास्थ्य सेवा तर्फ :**

- धुन्चे स्थीत जिल्ला अस्पतालाको भौतिक एवं स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गरिने छ । आपतकालीन उपचारको लागि जिल्ला अस्पतालमा डि.सि सक मेशिनको व्यवस्था गरिनेछ ।
- जिल्ला अस्पतालमा नियमित फिजियो थेरापी इकाईलाई निरन्तरता दिइनेछ । महिनामा एक पटक  स्याफ्रुवेशी स्वास्थ्य चौकीमा उक्त सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

- सडक दुर्घटनाकोवाट घाईते भएका हरुको उपचारको लागि स्याफ्रुवेशी स्वास्थ्य चौकीमा आ..टि.ए कर्नर स्थापना गरि आपतकालीन उपचारको व्यवस्था मिलाईनेछ ।
- गरिब तथा असाहाय गर्भवती महिला,अपाङको आपतकालीन उपचार एवं सुविधा युक्त स्वास्थ केन्द्रमा प्रेषण कार्यको लागि एक उपचार कोष खडा गरिनेछ ।
- यस गोसाईकुण्ड गाउँपालिकाका निर्वाचित जन प्रतिनिधि एवं कर्मचारीहरुको दीर्घ तथा जटिल रोगवाट ग्रसित भई उपचार गराउन पर्ने भएमा सहयोग गर्न एक उपचार कोष स्थापना गरि कार्यान्वयन गरिनेछ ।
- यस गोसाईकुण्ड गाउँपालिकाको सवै स्वास्थ चौकीमा अक्सीजन कन्सेट्रेशनको व्यवस्था गरिनेछ । वडा नं ४ लाङटाङमा ग्यामोव्याकको व्यवस्था गरिनेछ ।
- स्याफ्रुवेशी स्वास्थ्य चौकीमा मेडिकल ल्यावको स्थापना गरिनेछ ।
- यस गाउंपालिकामा एक थान एम्वुलेन्स व्यवस्था गरिनेछ । यसको लागि गाउंपालिका भित्र रहेका हाईड्रोपावर कम्पनीहरुवाट सहयोग प्राप्त गरिनेछ ।

(ग) **खानेपानी तथा सरसफाई**

- <u>**स्वच्छ खानेपानी स्वास्थ्य जिन्दगानी**</u> भन्ने नाराका आगामी ३ वर्ष भित्र गाउंपालिकाका सवै वडाहरुमा सुरक्षित खानेपानीको व्यवस्था गरिने छ ।
- गाउंपालिकाको मुख्य मुख्य वजार केद्र । वस्तीहरु सदरमुकाम धुन्चे,स्याफ्रु,टिमुरेमा सामुदायिक खानेपानी उपभोक्ता समिति गठन गरी वा गठन भएका समितिलाई व्यवस्थित गरी समिति मार्फत खानेपानी व्यवस्थापन गरिने छ ।
- खानेपानीको गुणस्तर सुधारको लागि आवश्यक व्यवस्था मिलाईने छ ।

(घ) **संस्कृति संरक्षण**

- गोसाईकुण्ड गाउंपालिकामा ९० प्रतिशत भन्दा वढी तामाङहरुको मात्र वसोवास रहेको छ । तामाङहरुको परम्परागत संस्कृति, नाच, पहिचानको संरक्षण सर्वधन गरिने छ । तामाङ संग्राहलयलाई थप व्यवस्थापन गरिने छ ।
- तामाङहरुको मौलिक भवन निर्माण गर्ने व्यक्तिलाई निश्चित आधारमा प्रत्येक वडामा वढीमा ५ जनालाई अनुदान उपलव्ध गराइने छ ।

(ङ) **लैकिङ समानता तथा सामाजिक समावेशीकरण :**

➢ महिला विकास :

- महिलाहरुको नेतृत्व विकास, क्षमता विकास, सिप अभिवृद्धि, सामाजिक सुरक्षाका कार्यक्रमहरु संचालन गरिने छ ।
- एकल महिलाहरुको आय आर्जन,सीप विकास एंव सामाजिक सुरक्षामा विशेष कार्यक्रम संचालन गरिने छ

- **वालवालिका तर्फ :**
  - यस गाऊंपालिका भित्र वाल क्लवहरु गठन गरी वाल संरक्षण, वालविकास, वालसहभागिता अभिवृद्धि गरिनेछ ।
  - असाहय अपाङ्ग वालवालिकाहरुको शिक्षा तथा उपचारमा सहयोग पु-याईनेछ ।
- **जेष्ठ नागरिक तर्फ**
  - गोसाईकुण्ड गाउंपालिका भित्र रहेका ८० वर्ष कटेका वृद्धवृद्धाहरुलाई सम्वन्धित वडा कार्यालय मार्फत एक थान लौरो र टर्च लाईट उपलव्ध गराइ सम्मान गरिने छ ।
- **फरक क्षमता भएका व्यक्तिलाई**
  - यस गाउंपालिका भित्र रहेका फरक क्षमता भएका व्यक्तिहरुको सहयोगको लागि सहायता सामाग्री वितरणको व्यवस्था मिलाइने छ ।
- **आदिवासी जनजाती तर्फ**
  - आदिवासी जनजातीको भाषा,लिपी,संस्कृति संरक्षण गरिने छ । आदिवासी जनजातीलाई समावेशीकरणको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- **पूर्वाधार विकास तर्फ :**

  **सडक :**
  - यस गाउंपालिकाको वडा केन्द्रसम्म सडक नपुगेको वडा नं.४ लाङटाङको थाङस्यापसम्म अगामी ३ वर्ष भित्र सडक पुऱ्याईने छ ।
  - वडा नं. १ को थुमनसम्म आर्थिक वर्षको चौमासिक अवधिमा नै सडक पुऱ्याईने छ ।
  - यस अघि यस गाउँपालिका भित्र निर्माण भएका सडकहरुको स्तरउन्नती गरीने छ ।
  - जिल्लाको सदरमुकाम धुन्चेलाई मैलुङ स्याफ्रुवेशी सडक संञ्जलसंग जोडिन खोदोल धुन्चे सडक निर्माण गरिने छ ।
  - गाउँपालिकाको कृषि योग्य जमिनहरुमा सिचाई सुविधाको क्रमश व्यवस्था गरिने छ ।
- **शहरी विकास तर्फ :**
  - यस गाउँपालिका भित्र पर्ने जिल्ला सदरमुकाम धुन्चेको उपयुक्त स्थानमा व्यवस्थित वसोवास व्यवस्था गर्न जग्गा एकीकरण ( Land Pooling) कार्यक्रम संचालन गरिने छ । यस कार्यमा नगर विकास कोष लगायत संभावित विभिन्न निकायवाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गरिने छ ।
  - सरकारी तथा निजी घर संरचना निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास गर्नु पर्ने कानूनी व्यवस्थाको कडाईका साथ कार्यन्वयन गरिने छ । अव वन्ने भवन, सरचना निर्माण गर्दा भुकम्प प्रतिरोधी प्रविधि र Building Code को पूर्ण पालना गर्नु पर्ने व्यवस्था कार्यन्वयन गरिने छ ।

(४) **वन वातावरण तथा विपद् व्यवस्थापन :**

- गाउँपालिका भित्र रहेको वन क्षेत्रको सरक्षण गरि वन विनासलाई निरुत्साहित गरिने छ । साथै अगामी आ.व.लाई वन वर्ष २०७५ घोषणा गरि सम्पूर्ण वडाहरुमा व्यापक वृक्षारोपण गरिने छ ।
- यस गाउँपालिका भित्र हुन सक्ने विपद् व्यवस्थापनको लागि विपद् पूर्व तयारी कार्य योजना आगामी आ.व.मा निर्माण गरिने छ ।
- विपद् व्यवस्थापनको लागि विपद् व्यवस्थापन कोषको स्थापना गरि प्रत्येक वर्ष त्यसमा थप गर्दै लगिने छ । विपद्को समयमा आवश्यक आपतकालिन सामाग्रीहरु उपकरणहरुको व्यवस्था गरि दुरुस्त अवस्थामा राखिने छ । विपद् तत्काल प्रतिकार्य समूह (Rapid Response Team ) तयार गरी उक्त टिमलाई सतर्क अवस्थामा राखिने छ ।
- गाउँपालिकालाई ३ वर्ष भित्र प्लाष्टिक झोला निषेधित क्षेत्र घोषणा गरिने छ । जसको लागि ३ वर्षे रणनितिक योजनाको तयार गरि कार्यान्वयनमा ल्याईने छ ।
- सदरमुकाम समेत रहेको यस गाउँपालिकामा नेपाल सरकार वा संभावित दातृ निकायवाट सहयोग प्राप्त गरि एक थान वारुणयन्त्रको व्यवस्था गरिने छ ।

(५) **सुशासन तथा  संस्थागत विकास तर्फ** :

- यस गाउंपालिकाको कार्यालय भवन निर्माणको लागि केन्द्र समक्ष आवश्यक वजेट व्यवस्थाको लागि अनुरोध गरि आगामी २ वर्ष भित्र निर्माण सम्पन्न गरिनेछ ।
- गाउँपालिकामा रहेका जनशक्तिलाई आवश्यक तालिम प्रदान गरी दक्ष एवं प्राविधिक मैत्री वनाइने छ ।
- गाउँपालिकामा वडा कार्यालयहरुमा भौतिक पूर्वाधार र जनशक्तिको क्रमश व्यवस्था गरि वडा कार्यालयवाट वढी भन्दा वढी सेवा प्रवाह हुने व्यवस्था मिलाईने छ ।
- वितिय जाखिम न्यूनिकरणको लागि योजना  कार्यन्वयनमा प्रभावकारी वनाईने छ । आगामी  आ.व.मा सवै वडा केन्द्रहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिको न्यायिक समितिको क्षमता अभिवृद्धि गरिनेछ । स्थानीय स्तरमा विवाद समाधान सम्वन्धि व्यवस्था वारे प्रचार प्रसार गरी सकेसम्म न्यायिक क्षेत्राधिकार भित्रको विवाद समाधान मेलमिलापवाटै सामाधान गराउन अधिकतम प्रयत्न गरिनेछ ।
- यस गाउँपालिका क्षेत्र भित्र काम गर्न चाहने सवै गै.स.स हरुलाई कार्यविधि वनाई सो कार्यविधि अनुरुप स्वीकृति दिईनेछ ।

(६) **राजस्व परिचालन तर्फः**

- गाउंपालिकामा प्राप्त सवैधानिक कराधिकारको उपयोग गर्दै आन्तरिक राजस्व संचालनलाई प्राथमिकता दिईने छ । आगामी आ.व. को श्रावण १ गते देखि एकिकृत सम्पत्ति कर लागु गरिनेछ । घर,संरचना र त्यसले चर्चेको जग्गाको सम्पती कर र अन्य जग्गामा भुमीकर लगाई संकलन गरिनेछ । राजस्व परिचालन गर्दा करका दर भन्दा दायरमा वढाईने छ ।
- व्यवसाय कर संकलनमा रसुवा उद्योग वाणिज्य संघ धुन्चे संग सहकार्य गरिने छ । व्यवसाय दर्ता र कर संकलनको लागि घरदैलो कार्यक्रम संचालन गरिनेछ ।
- वक्यौता रहेको मालपोत असुलीमा निश्चित समयको तोकि एक पटकको लागि सहुलियत पुर्ण व्यवस्था मिलाईनेछ ।

अन्तमा यस नीति तथा कार्यक्रम र वजेट तयार गर्न महत्वपूर्ण सहयोग गर्नु हुने जनप्रतिधि साथीहरु,विषगत कार्यालयका प्रमुख एवं प्रतिनिधि,गै.स.सका प्रतिनिधिहरु,राजैतिक दलका प्रतिनिधिहरु,संचारकर्मी लगायत आम गोसाईकुण्डवासी जनताहरु प्रति आभार प्रकट गर्दछु साथै प्रशासनिक कार्यमा सहयोग गर्ने कर्मचारी साथीहरु प्रति धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद